## अनुसूची–१

## नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिको लागि गठित सिफारिस समितिको पदपूर्तिसम्बन्धी सूचना

नेपाल सरकार
अर्थ मन्त्रालय
नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिको लागि गठित सिफारिस समितिको
पदपूर्तिसम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः 2082/05/14)

नेपाल बीमा प्राधिकरणको रिक्त सञ्चालक समितिको अध्यक्ष पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले 7 (सात) दिन भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य खामवन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. आवश्यक योग्यता तथा अनुभवः**

(अ) बीमा ऐन, 2079 को दफा 8 को उपदफा (1) (क) बमोजिम बीमा, मौद्रिक, बैङ्किङ्ग, वाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून विषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको उच्च व्यवस्थापकीय कार्य अनुभव हासिल गरेको व्यक्ति।

(आ) उच्च नैतिक चरित्र भएको,

(इ) सोही ऐनको दफा 8 को उपदफा (3) बमोजिम अयोग्य नभएको।

(ई) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) ले तोके बमोजिम तीस वर्ष उमेर पूरा भई **पैसट्ठी वर्ष उमेर ननाघेको,** तथा देहायको अयोग्यता नरहेकोः

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक बस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(घ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) कार्यकारी प्रमुखका हकमा सार्वजनिक निकायको कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको,

(च) मानसिक सन्तुलन ठीक नभएको।

**२. आवेदन पेश गर्ने प्रक्रिया तथा संलग्न गर्नुपर्ने कागजातः**

(अ) आवेदनसाथ अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np मा प्रकाशित "नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिससम्बन्धी कार्यविधि, 2082 को दफा ३ बमोजिमको कागजात तथा विवरणहरू आवेदक स्वयम्ले प्रमाणित गरी २ प्रति पासपोर्ट साइजको फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

(आ) आवेदनसाथ उपर्युक्त कार्यविधिको दफा ५ बमोजिमको व्यावसायिक कार्ययोजना चार प्रति खामवन्दी गरी पेश गर्नु पर्नेछ। खामबन्दी प्रस्तावको खाम बाहिर आवेदकको नाम र नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्षका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना छुट्टा छुट्टै खामबन्दी गरी दस्तखत गरेको हुनु पर्नेछ।

**३. दस्तुरः**

आवेदन दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरबार शाखामा रु.7500/- (अक्षरेपि सात हजार पाँच सय रुपैयाँ मात्र।) बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

**४. पारिश्रमिकः**

अध्यक्षले पाउने मासिक पारिश्रमिक, भत्ता, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५. अन्य विवरणः**

(अ) आवेदन तथा सिफारिस प्रक्रिया सम्बन्धी विस्तृत विवरण अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np मा प्रकाशित 'नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिससम्बन्धी कार्यविधि, 2082 मा उपलब्ध रहेको छ।

(आ) यो सूचना बमोजिम प्राप्त भएका आवेदनलाई सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(इ) कुनै आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(ई) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार वा टेलिफोन नं. ४२११३80 मा सम्पर्क गर्न सकिनेछ।